## QR सेवा सम्बन्धि प्राय सोधिने प्रश्नहरु

१. आवद्द हुनको लागि प्रक्रिया के हुन्छ?

- QR सम्बन्धि चेकलिस्ट मा बयान गरिएको छ
- संक्षिप्तमा
    - QR सम्बन्धि संचालक समिति को निर्णय
    - QR सेवा संचालन गर्ने सम्बन्धि अनुरोध पत्र
    - आवद्दता फारम
    - QR प्लेटफर्ममा Onboarding

२. आवद्द हुन खर्च लाग्छ कि लाग्दैन?

- लाग्दैन

३. सहकारी लाई कमिशन आउछ कि आउदैन?

- हाल लाई आउदैन
- QR Network ले भविष्यमा निर्धारण गरेको खण्डमा आउन सक्ने

४. QR standee मा सहकारीको संस्थाको branding हुन्छ कि हुदैन?

- Standee मा राष्ट्रिय सहकारी बैंक, सहकारी संस्था र एन आइ सी एशिया बैंकको लोगो हुने

५. QR standee मा सहकारी संस्थाको नाम हुन्छ कि हुँदैन?

- Standee मा सहकारी संस्थाको नाम हुन्छ

६. सहकारी संस्थाले फारम भरेर बुझाएको कति समयमा standee प्राप्त हुन्छ?

- फारमको सबै विवरण प्रमाणित गरे पश्चात Onboarding हुन्छ र standee प्रिन्ट भएर कुरियर मार्फत प्राप्त हुन १ हप्ता सम्म लाग्न सक्नेछ

७. Standee मा छापिने QR code मा सबै मोबाइल बैंकिंग/वालेट/गेटवे बाट कारोबार गर्न सकिन्छ?

- हाल Fonepay प्रणालीमा आवद्द सदस्य बैंक तथा वित्तीय संस्था/वालेट/गेटवे बाट सजिलै कारोबार गर्न सकिने
- नेपाल राष्ट्र बैंकको QR मापदण्ड अनुसार भविष्यमा अन्य प्रणालीलाई एकिकृत गरि कारोबार गर्न सकिने

८. के सहकारी संस्थाले आफ्नो सदस्यहरुलाई यस सेवामा आवद्द गरि QR standee वितरण गर्न सक्छ?

- QR सेवामा हाल सहकारी संस्थालाई मात्र आवद्द गर्न सकिने
- सहकारी संस्थाबाट सदस्य आवद्द गरि Terminal बनाउने प्रक्रिया भविष्यमा कार्यान्वयन हुन सक्ने

९. सहकारी संस्थाले कति ओटा QR standee लिन सक्छ?

- हरेक सेवा केन्द्रको फरक QR Standee लिन सकिने

- हरेक सेवा केन्द्रको लागि फरक मोबाइल नम्बर र इमेल दर्ता गर्नु पर्ने

१०. QR आवद्दता फारममा 'सम्पर्क व्यक्तिको मोबाईल नम्बर (Contact Person's Mobile No.)' र 'QR सेवामा दर्ता हुने मोबाईल नम्बर (QR Registration Mobile No.)' को विवरणमा फरक के हुन्छ?

- 'सम्पर्क व्यक्तिको मोबाईल नम्बर (Contact Person's Mobile No.)' भन्नाले सहकारी संस्थामा सम्पर्क तथा समन्वय गर्नु परेमा प्रयोग हुने मोबाईल नम्बर हो – यसमा फारम भर्ने आधारिक व्यक्ति को मोबाईल नम्बर राख्दा उचित हुन्छ
- 'QR सेवामा दर्ता हुने मोबाईल नम्बर (QR Registration Mobile No.)' भन्नाले सहकारी संस्थालाई QR प्लेटफर्ममा Onboarding गराउन प्रयोग हुने मोबाईल नम्बर हो – यस मोबाईल नम्बरमा कारोबार सम्बन्धि SMS alert प्राप्त हुने हुँदा संस्थाको अधिनमा रहेको र काउन्टरमा नियमित निगरानी गर्न मिल्ने मोबाईल नम्बर प्रयोग गर्दा उचित हुन्छ
- यदि अन्य बैंक/वित्तीय संस्था/सेवा प्रदायकबाट पहिले QR सेवा लिएको भएमा, 'QR सेवामा दर्ता हुने मोबाईल नम्बर (QR Registration Mobile No.)' मा पहिले दर्ता भएको मोबाईल नम्बर राख्न नमिल्ने
- QR प्लेटफर्ममा Onboarding भए पश्चात थप मोबाईल नम्बरमा SMS alert प्राप्त हुने बनाउन पनि मिल्छ

११. अरु बैंकको QR सेवा र यो QR सेवामा फरक के छ?

- समान सुविधा युक्त सेवा हो तर अन्य QR सेवामा जस्तै वाणिज्य/विकास बैंकमा हुने कारोबार सेटलमेन्ट नभई राष्ट्रिय सहकारी बैंकमा सहकारी संघ/संस्थाको सेटलमेन्ट हुने

१२. कारोबारको सेटलमेन्टको लागि नयाँ खाता खोल्नु पर्छ कि पर्दैन ?

- नया खाता खोल्नु नपर्ने, चली रहेको खातामा सेटलमेन्ट गर्न सकिने
- तर सहकारी संघ/संस्था ले नया खातामा पूर्ण रुपमा QR कारोबारको सेटलमेन्ट गर्दा सहज हुने

१३. राष्ट्रिय सहकारी बैंकको शाखा देखि नै सेवा लिन सकिन्छ कि केन्द्रीय कार्यालय जानु पर्छ?

- शाखादेखि नै गर्न सकिने, थप व्यवस्थाको लागि केन्द्रीय कार्यालयबाट प्रक्रिया अगाडी बढाईने

१४. QR कारोबार सम्बन्धि कुनै समस्या आएमा सहकारी संस्थाले कसलाई सम्पर्क गर्ने?

- सहकारी संघ/संस्थाले Dispute को लागि digital@ncbl.coop मा सम्पर्क गर्न सक्ने
- विवादास्पद कारोबारको बैंक मार्फत PSO/Acquirer मा समन्वय गरि समाधान गरिने

१५. QR सेवामा एन आइ सी एशिया बैंकको भूमिका के हो?

- राष्ट्रिय सहकारी बैंक र सहकारी संघ/संस्थालाई नेपाल राष्ट्र बैंकको नियमानुसार QR Network मा आवद्द गराउने अनुमति प्राप्त भुक्तानी सेवा प्रदायक को भूमिका रहने

१६. यस सेवामा केहि जोखिम छ कि छैन?

- सुरक्षित प्रविधिमा आधारित भुक्तानी सेवा हो

- तापनि सेवालाई जोखिममुक्त बनाउन QR standee सुरक्षित राख्नु पर्ने, Online Portal को user ID र password सुरक्षित राख्नु पर्ने र कारोबारहरुको नियमित रुपमा विवरण प्रमाणित गर्नु पर्ने

१७. अन्य बैंक तथा वित्तीय संस्थासंग पहिले नै QR सेवा लिईसकेको अवस्थामा NCBL QR मा आवद्द हुन सकिन्छ?

- पूर्व सम्झौतामा Exclusivity Clause नभएमा सजिलै सकिन्छ, पूर्व सम्झौता तथा सेवा रद्द गर्नु नपर्ने
- Merchant Release गर्नु पर्ने प्रक्रियागत झन्झट नरहेको

१८. भारतका BHIM/UPI प्रयोगकर्ताले यस QR मा करोबोर गर्न मिल्छ?

- यस QR ले BHIM/UPI मार्फत हुने cross-border payment सजिलै प्राप्त गर्न सक्छ
- यस प्रकारका कारोबार बापत निश्चित शुल्क (MSF) लाग्ने छ र यो शुल्क सहकारी संघ/संस्था तथा मर्चेन्ट ले व्यहोर्नु पर्ने हुन्छ
- यस प्रकारको प्रत्येक Cross-border payment मा बढीमा ₹ २५,०००/- (भा.रु. पच्चीस हजार) सम्म कारोबार गर्न मिल्छ
- Cross-border payment को सुविधा सुरुवातबाट नै सुचारु हुन्छ
- यस सुविधा संस्थाको आवश्यकता अनुसार रोक्न पनि सकिन्छ

१९. कारोबार सेटलमेन्टको प्रक्रिया कस्तो हुन्छ?

- सहकारी संस्थाको online portal तथा मोबाइलमा तुरुन्तै कारोबार विवरण प्राप्त हुने र सो विवरण अनुसार सहकारी संस्थाले सदस्यको खातामा इन्ट्री गर्ने
- अघिल्लो दिनको सम्पूर्ण कारोबार रकमको सेटलमेन्ट सहकारी संस्थाको NCBL मा संचालनमा रहेको खाताबाट T+1 रुपमा हुने
- NCBL मा रहेको खातामा जम्मा भएको रकमको पुष्टी गरि सो पश्चात सहकारी संघ/संस्थाले आफ्नो हिसाब मिलान गर्ने
- हाल बैंक र सहकारी संस्था बिचको T+1 सेटलमेन्ट प्रक्रियालाई भविष्यमा स्वचालित रुपमा लान सकिने र यस सम्बन्धि समन्वय भईरहेको